विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०५/४ गते बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

<table>
<tr><th>क्र.सं.</th><th>एजेन्डा</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>विशेष सरसफाइ सम्वन्धमा</td><td>महानगरपालिकाको सरसफाइ व्यवस्थापनलाइ प्रभावकारी बनाउन उत्तरी मध्य र दक्षिणी क्षेत्रमा सप्ताहिकरुपमा प्रत्येक शुक्रवार विहान ७.०० बजे देखि ८.३० सम्म जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, नगरवासी र साझेदार संस्थाको सहभागितामा तपसिल बमोजिम सरसफाइ अभियान संचालन गर्ने निर्णय गरियो ।
<table>
<tr><th colspan="3">विराटनगर महानगरपालिकाको संयोजकत्वमा साप्ताहिक सरसफाई कार्यक्रम तालिका</th></tr>
<tr><td>उत्तरी क्षेत्र(वडा नं.१, २,३, ४, ५ र १९)</td><td>मध्ये क्षेत्र(वडा नं.६, ७, ८, ९, १० र ११)</td><td>दक्षिणी क्षेत्र(वडा नं.१२, १३, १४, १५, १६, १७ र १८)</td></tr>
<tr><td>संयोजक: प्रमुख प्रशासकीय अधिकृत श्री उमेश बस्नेत</td><td>संयोजक: उपप्रमुख श्री शिल्पा निराला कार्की</td><td>संयोजक: प्रमुख श्री नागेश कोईराला</td></tr>
<tr><td>नोट: प्रत्येक शुक्रबार क्रमश: वडा नं.१, २, ३,४,५ र १९ को सरसफाई सम्बन्धित वडाअध्यक्षले चयन गरेको स्थानबाट हुनेछ ।</td><td>नोट: प्रत्येक शुक्रबार क्रमश: वडा नं.६,७,८,९,१० र ११ को सरसफाई सम्बन्धित वडाअध्यक्षले चयन गरेको स्थानबाट हुनेछ ।</td><td>नोट: प्रत्येक शुक्रबार क्रमश: वडा नं.१२,१३,१४,१५,१६,१७ र १८ को सरसफाई सम्बन्धित वडाअध्यक्षले चयन गरेको स्थानबाट हुनेछ ।</td></tr>
</table></td></tr>
<tr><td>२</td><td>रथयात्राको सरसफाइ सम्वन्धमा</td><td>श्रीकृष्णरथ यात्राबाट निस्किने फोहरका लागि कार्यालयले स्वास्थ्य सुरक्षा र फोहोर व्यवस्थापनमा सचेतनामुलक माइकिङ्ग गर्ने साथै सम्वन्धित क्षेत्रका साझेदार संस्थाहरुले भोलिपल्ट बिहान सरसफाइ व्यवस्था मिलाउने तथा सो को अनुगमन महानगरपालिकाले गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>३</td><td>सरसफाइ शुल्क सम्वन्धमा</td><td>साझेदार संस्थाले संकलन गर्दै आएको सरसफाइ शुल्कको विषयमा उठेको विवाद समाधान गर्नका लागि प्रमुख,उपप्रमुख, क्षेत्रगत अनुगमन समितिको संयोजक, साझेदार संस्थाको प्रतिनिधि र कार्यालयको कर्मचारी सहित छलफलगरी समाधान गर्ने निर्णाय गरियो ।</td></tr>
</table>

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ १ नं प्रदेश, नेपाल

प्रतिलिपि

७९/०५/१५